| विधेयक संख्या | ००२ |
|---|---|

# जन्तेढुङ्गा गाउँपालिका आर्थिक ऐन, २०७९

| | |
|---|---|
| सभाबाट स्वीकृती मिति :- | २०७९/०३/२० |
| प्रमाणिकरण मिति : - | २०७९/०३/२० |
| स्थानीय राजपत्रमा प्रकाशित मिति :- | २०७९/०४/१० |

गाउँ सभाले पारित गरे बमोजिम यो विधेयक (संख्या २, जम्मा पृष्ठ संख्या १९ ) ठिक छ भनि प्रमाणिकरणका लागि सभाध्यक्ष समक्ष पेस गर्दछु ।

पवनराज पोखरेल

गाउँसभा सचिव

मिति :२०७९/०३/२०

## जन्तेढुङ्गा गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**: जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ दफा ५४ मा भएको व्यवस्था र १ नं. प्रदेश कानून बमोजिम जन्तेढुङ्गा गाउँपालिकाको गाउँ सभाबाट पारित गरी आर्थिक ऐन बनाईएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि जन्तेढुङ्गा गाउँपालिका क्षेत्र खोटाङमा लागू हुनेछ।

२. **सम्पत्ति (घर जग्गा) वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -१ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

३. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको दर्ता र नविकरण गर्न अनुसूची -२ बमोजिम कर लगाई असूल उपर गरिनेछ। एउटै पसल, फर्म वा कम्पनीले अनुसूचीमा उल्लिखित विवरण अनुसार एक भन्दा बढी किसिमका वस्तु तथा सेवाको व्यवसाय गरेको भएमा अधिकतम दर भएको व्यवसायको व्यवसाय कर असुल उपर गरिने छ।

४. **जडिबुटी तथा कबाडी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत् अनुसूची -३ बमोजिमको जडिबुटी तथा कबाडी कर लगाइने र असूल उपर गरिनेछ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-४ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सोहि कानूनमा अन्यथा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ।

६. **मनोरञ्जन करः** १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७९ मा भएको व्यवस्था बमोजिम हुनेछ।

७. **सेवा शुल्क र दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -५ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम कर, शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

८. **पर्यटन शुल्कः** उद्यम, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदाको उपयोग वापत अनुसूची -६ र १ न. प्रदेश सरकारको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसूची -७ बमोजिमको भूमि कर(मालपोत) लगाइने र असूल उपर गरिनेछ।

१०. **दहत्तर बहत्तर करः** ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्रव र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क वा १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ।

११. **जरिवाना**: गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निषेध गरिएको सार्वजनिक क्षेत्र वा व्यापार व्यवसाय वा फोहोर मैला व्यवस्थापन, विवाद, झैझगडा, द्वन्द्व बापत तथा यस ऐन र अन्य प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची - ८ बमोजिमको जरिवाना गरी असुल उपर गरिनेछ।

१२. **सामुदायिक वनबाट आय**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बमोजिम हुनेछ।

१३. **घर जग्गा रजिष्ट्रेशन शुल्क**: १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ।

१४. **सवारी साधन कर**: १ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७८ बमोजिम हुनेछ र टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी कर लगाईने र असूल उपर गरिनेछ।

१५. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति वा संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिई बाँकी व्यवसायको कर मिनाहा गरिनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि**: यो ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ।

१७. **अन्य व्यवस्था**: यस गाउँपालिकाका विषयगत शाखा वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा सँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ। तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन।

१८. यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम र गाउँपालिकाको अन्य ऐनमा तोकिएको भएमा सोहि ऐन बमोजिम हुनेछ।

१९. **ऐनको व्याख्या तथा खारेजी :**

(१) यस ऐनमा उल्लेख नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्नेछ।

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून तथा अन्य ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ।

अरुणा देवी राई
अध्यक्ष

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | कुनै पनि निजी व्यक्तिलाई घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा सम्झौता रकमको,कुनै पनि सार्वजनिक संस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा सम्झौता रकमको, रोयल्टी र लीजमा | १०% | |
| २. | एम्बुलेन्स भाडा दरः-एम्वुलेन्स भाडा दर संचालन एवं व्यवस्थापन समितिले निर्धारण गरे वमोजिम हुने छ, व्यवस्थापन समिती एवं संचालक समितीले नतोके सम्म साविक भाडा दर कायम हुने छ। | | |
| ३. | JCB ब्याकहो लोडर भाडादर | | |

JCB ब्याकहो लोडर भाडादर

| क्र.स. | कामको प्रकार | भाडा दर प्रति घण्टा | कैफियत |
|---|---|---|---|
| १. | गाउँ पालिकाको JCB भाडा दरः- गाउँ पालिकाको JCB भाडा दर संचालन एवं व्यवस्थापन समितिले निर्धारण गरे वमोजिम हुने छ, ब्यवस्थापन समिती एवं संचालक समितीले नतोके सम्म साविक भाडा दर कायम हुने छ। | ४०००\|- | |

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने सम्पत्ति (घरजग्गा) वहाल करको दर

अनुसूची - २
(दफा ३ सँग सम्बन्धित)
गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय दर्ता/नविकरण करको दर

| क्र.सं. | विवरण | दर्ता/अनुमति | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | २५० | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | २००० | १००० | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | ३००० | १५०० | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | ५०० | २५० | |
| ५. | सवारी साधन विक्रेता | २०००० | १०००० | |
| ६. | सवारी साधन/मर्मत/ग्यारेज | २५०० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| ७. | कपडा/जुत्ता/चप्पल पसल, | २००० | १००० | |
| ८. | नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन बिक्रीवितरण), | ५०० | २५० | |
| ९. | मेडिकल/एग्रोभेट (खुद्रा डाक्टर भएको) | ७००० | ३५०० | |
| १०. | मेडिकल/एग्रोभेट (खुद्रा) | ३००० | १५०० | |
| ११. | मेडिकल/एग्रोभेट (थोक) | १०००० | ५००० | |
| १२. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल(थोक) | ५००० | २००० | |
| १३. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल(खुद्रा) | ५०० | २५० | |
| १४. | अलैंचि/अदुवा/सतुवा/जटामसि/बनजन्य तथा जडीबुटी कारोबार गरे वापत थप व्यवसाय निकासा आन्तरिक व्यवसाय | २५०० | १५०० | |
| १५. | अलैंचि/अदुवा/सतुवा/जटामसि/बनजन्य तथा जडीबुटी निकासी आन्तरिक व्यवसाय | ५०० | २५० | |
| १६. | हार्डवेयर व्यवसाय | ३००० | १५०० | |
| १७. | भाँडाकुँडा पसल | २००० | १००० | |
| १८. | फर्निचर/ 'स' मिल व्यवसाय | ३००० | १५०० | |
| १९. | इन्धन व्यवसाय | ५००० | २५०० | |
| २०. | कस्मेटिक पसल, व्युटी पार्लर | १००० | ५०० | |
| २१. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN/ VAT दर्तावाला) (थोक) | ५००० | ३००० | |
| २२. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (PAN/ VAT दर्तावाला) (खुद्रा) | ३००० | १५०० | |
| २३. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ समेत बिक्रीवितरण गर्ने होटल | ३००० | १५०० | |
| २४. | सुनचाँदी पसल | ३००० | १५०० | |
| २५. | मनी एक्स्चेन्जर (IME लगायत) | ३००० | १५०० | |
| २६. | कृषि सहकारी संस्था | १००० | ५०० | |
| २७. | विद्युत् सहकारी | ७००० | ३५०० | |
| २८. | अन्य सहकारी तथा लघुवित्त | ३००० | २००० | |
| २९. | बैंकिङ तथा बित्तीय कारोवारगर्ने संस्था | १०००० | ५००० | |
| ३०. | एफ. एम. रेडियो | १०००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ३१. | सिनेमाघर | १०००० | ५००० | |
| ३२. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ५००० | २००० | |
| ३३. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ | १०००० | ५००० | |
| ३४. | केबलकार | ५०००० | १५००० | |
| ३५. | फ्रेस हाउस | १००० | ५०० | |
| ३६. | स्टेशनरी | १००० | ५०० | |
| ३७. | ईलेक्ट्रोनिक्स पसल(मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | ३००० | १५०० | |
| ३८. | टेलर, सैलुन | ५०० | २०० | |
| ३९. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | १०००० | ५००० | |
| ४०. | लघु घरेलु र साना उद्योग दर्ता | ५०० | २५० | |
| ४१. | बोर्डिङ स्कुल आ.वि. | ५००० | २५०० | |
| ४२. | बोर्डिङ स्कुल मा.वि. | ७००० | ३५०० | |
| ४३. | ढुवानी तथा ट्रान्सपोर्ट व्यवसाय | ५००० | २५०० | |
| ४४. | ट्र्याक्टर व्यावसाय | ५००० | २५०० | |
| ४५. | तीन पांग्रे | २००० | १००० | |
| ४६. | चार पांग्रे | ५००० | २५०० | |
| ४७. | ग्रील व्यावसाय | ३००० | १५०० | |
| ४८. | कुटानी पिसानी(सानो) | १००० | ५०० | |
| ४९. | कुटानी पिसानी(ठुलो) | ५००० | २५०० | |
| ५०. | ठुलो स्काभेटर | ५०००० | २५००० | |
| ५१. | सानो स्काभेटर | ३०००० | २०००० | |
| ५२. | अन्य व्यवसाय | ५०० | २५० | |
| ५३. | साईवर | १००० | ५०० | |
| ५४. | कृषक समुह दर्ता | १००० | ५०० | |
| ५५. | कृषि ब्यसाय दर्ता | ७०० | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| ५६. | खानेपानी संस्था दर्ता | १००० | ५०० | |
| ५७. | सामुहिक वन दर्ता | ५०० | ३०० | |

अनुसूची - ३

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी, जीवजन्तु तथा कबाडी कर

(क) कवाडी

| क्र.सं. | कवाडी | दररेट रु. (प्रति केजी) | कैफियत |
|---|---|---|---|
| १. | कवाडी | ०.५ | |

(ख) जीवजन्तु/ सबै प्रकारको माछा कर

| क्र.सं. | जीवजन्तु/ सबै प्रकारको माछा कर | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | माछा कर | २५०० | १२०० | |

(ग) जडिबुटि कर

| क्र.सं. | जडिबुटी कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | चिरेइतो, सतुवा, | ५०० | |

(घ) हाटबजार कर

| क्र.सं. | हाटबजार कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | चिसापानी हाटबजार कर न्यूनतम | २६,०००/- | |

अनुसुची – ४

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः

क) प्रदेश कानुनको अधिनमा रहि देहाय अनुसार विज्ञापन कर निम्नानुसार तोकिएको छ :

१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक

स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाइनेछैन ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन कर छुट हुने छैन ।

**ख) विज्ञापन करको दर :**

१) फ्लेक्सवाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.१०।-,
२) होर्डिङ्ग वोर्ड, नियोन साईन यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु.३०।-,
३) डिजिटल वोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष वर्ग फुट रु. २०।-,
४) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रीको अधिकतम १५ दिन र २० स्क्वार फुटकालागि प्रति दिन रु.५०।-,
५) आकाशमा वेलुन, ज्याकटमा वा वेलुन बोकेर गरिने विज्ञापन (प्रतिदिन) रु.२५।-,
६) अन्यको हकमा प्रति वर्ग फिट प्रति वर्ष रु.१००।-

अनुसूची -५

(दफा ७ सँग सम्बन्धित)

गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क र दस्तुर लगाउने र असुल उपर गर्नेछ ।

| क्र.सं. | विवरण | आ.व. २०७९/०८० | कैफियत |
|---|---|---|---|
| १. | निवेदन दस्तुर | १०।- | |
| २. | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निशुल्क | |
| ३. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि विवाह दर्ता बाहेक | २००।- | |
| ४. | व्यक्तिगत घटना दर्ता र विवाह दर्ता ३५ दिन पछि | ५००/- | |
| ५. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि प्रतिलिपी | ३००।- | |
| ६. | अस्थायी वसोवास सिफारिस | २००।- | |
| ७. | स्थायी बसोवास सिफारिस | ५००।- | |
| ८. | नाता प्रमाणित सिफारिस | २००।- | |
| ९. | संरक्षक सिफारिस (व्यक्तिगत ) | १००।- | |
| १०. | संरक्षक सिफारिस(संस्थागत ) | २००।- | |
| ११. | जिवित रहेको सिफारिस | १००।- | |
| १२. | जन्म मिति संशोधन सिफारिस | १००।- | |
| १३. | व्यक्तिगत विवरण प्रमाणितसिफारिस | १००।- | |
| १४. | जन्म मिति प्रमाणित | २००।- | |
| १५. | विवाह प्रमाणित | २००।- | |
| १६. | अविवाहित प्रमाणित | २००।- | |

| | | | |
|---|---|---|---|
| १७. | सम्वन्ध विच्छेद सिफारिस | २००।- | |
| १८. | मृत्यू प्रमाणित | १००।- | |
| १९. | सम्बन्ध भएको/नभएको प्रमाणित | २००।- | |
| २०. | घर पाताल प्रमाणित | २००।- | |
| २१. | फरक फरक नाम, थर शिफारिस/प्रमाणित | २००।- | |
| २२. | फरक फरक जन्म मिति प्रमाणित /शिफारिस | २००।- | |
| २३. | चालचलन सम्बन्धि, तीनपुस्ते, सिफारिस (नेपाली) | २००।- | |
| २४. | चालचलन सम्बन्धि तीनपुस्ते, सिफारिस (अँग्रेजी) | ५००।- | |
| २५. | कागज मञ्जुरीनामा प्रमाणित | २००।- | |
| २६. | संरक्षक प्रमाणित | २००।- | |
| २७. | वसाइसराई भैजाने गाउँपालिका बाहिर जाने | १०००।- | |
| २८. | वसाइसराई आउने | निःशुल्क | |
| २९. | वैदेशिक रोजगार प्रमाणित खाडी मूलुक र मलेसिया र अन्य | २००।- | विद्यार्थीका लागि ५० % छुट |
| ३०. | वैदेशिक रोजगार प्रमाणित अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापान,कोरिया, मकाउ, हङकङ, सिंगापुर, इजरायल, ब्रुनाई र युरोपियन मूलुक। | २०००।- | विद्यार्थीका लागि ५० % छुट |
| ३१. | वैदेशिक रोजगार प्रमाणित इराक,अफगानिस्तान,सिंगापुर, इजरायल,लेवनान | १५००।- | विद्यार्थीका लागि ५० % छुट |
| ३२. | वैदेशिक भुतपूर्व सैनिक/प्रहरीको हकमा नाम थर एउटै/संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | १५००।- | विद्यार्थीका लागि ५० % छुट |
| ३३. | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै/ संशोधन प्रमाणित गर्ने सिफारिस (भारत) | १०००।- | विद्यार्थीका लागि ५० % छुट |
| ३४. | पेन्सन पट्टा सम्वन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | २००।- | |
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | १०००।- | |
| ३५. | नाता प्रमाणित सिफारिस (नेपाली) | ५००।- | |
| ३६. | सर्जमिन गर्नुपर्नेका हकमा नता प्रमाणित | ७००।- | |
| ३७. | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | १५००।- | |
| ३८. | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित शिफारिस | निशुल्क | |
| ३९. | छात्रवृत्ति प्रमाणित सिफारिस | २००।- | |
| | छात्रवृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ४०. | अपांग प्रमाणित सिफारिस | निशुल्क | |

| | | | |
|---|---|---|---|
| ४१. | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निशुल्क | |
| ४२. | नाबालक सम्बन्धी सिफारिस (अमेरिका, क्यानडा, अष्ट्रेलिया जापान, कोरिया, मकाउ, सिंगापुर, हङकङ, ब्रुनाई र यूरोपियन मुलुक) | २०००।- | |
| ४३. | नाबालक सम्बन्धी सिफारिस (हङकङ, मकाउ, दक्षिण कोरिया, सिँगापुर) | १५००।- | |
| ४४. | नाबालक सम्बन्धी सिफारिस (खाडी मुलुक र अन्य) | ५००।- | |
| ४५. | नाबालक सम्बन्धी सिफारिस (नेपाल र भारत) | २००।- | |
| ४६. | आन्तरीक बसाई सराई सिफारिस | १००।- | |
| ४७. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ४८. | सशुल्क स्वास्थ्य उपचार सिफारिस | २००।- | |
| ४९. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | २००।- | |
| ५०. | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ५००।- | |
| ५१. | मोहि जग्गा वा अन्य नामसारी सिफारिस | २००।- | |
| ५२. | मोही लगत कट्टा | २००।- | |
| ५३. | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ५४. | घर कायम सिफारिस (अन्य) | १००।- | |
| ५५. | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति रोपनी) | १०।- | महिलाको हकमा ५० % छुट |
| ५६. | कित्ताकाट सिफारिस(प्रति कित्ता ) | २००।- | |
| ५७. | जग्गा नामसारी/किनबेच सिफारीस | २००।- | महिलाको हकमा ५० % छुट |
| ५८. | अंशवण्डा सिफारिस (प्रति अंश ) | २००।- | |
| ५९. | जग्गाको हक सम्वन्धमा सिफारिस | २००।- | |
| ६०. | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | ५००।- | |
| ६१. | घर बाटो प्रमाणित, (शाखा सडक अन्तर्गत ) | २००।- | |
| ६२. | चार किल्ला प्रमाणित | ५००।- | |
| ६३. | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ६४. | हकदार नभएको प्रमाणित सिफारिस | २००।- | |
| ६५. | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा वस्ने | २००।- | |
| ६६. | जग्गा धनीपुर्जा हराएको शिफारिस | निशुल्क | |
| ६७. | पुर्जामा घर कायम गर्ने सिफारिस | २००।- | |
| ६८. | घर नक्शा | | |
| | क) घर नक्शा प्रतिलिपि १ सेट | १००।- | |

| | | | |
|---|---|---|---|
| | ख) घरनक्शा अन्य कागजात प्रति पान नक्कल दस्तुर | १५।- | |
| | ग) सम्पन्न प्रमाणपत्र/ प्रतिलिपि (फोटो टाँसेको) | ५००।- | |
| | घ) घरनक्शा निवेदन फायल दस्तुर | १००।- | |
| | घर नक्शा पास दस्तुर | | |
| | क) १००० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १।- | |
| | ख) १५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १.५।- | |
| | ग) २५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २।- | |
| | घ) २५०१ भन्दा माथि रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २.५।- | |
| | ङ) सिमेन्ट जोडाई कम्पाउड प्रति रनिंग फिट | ०.५।- | |
| | च) गिलेवा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | छ) काठै काठको घर प्रति वर्ग फिट | ०.५।- | |
| | ज) टिनको छानो सिमेन्ट ईटा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | झ) फलामको खम्वाभई टिनको छानो (ट्रस्ट) बाट बनेको प्रति वर्ग फिट | १।- | |
| | ञ) घर अभिलेखिकरण प्रति वर्ग फिट | २।- | |
| ६९. | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | ३।- | |
| ७०. | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | १।- | |
| ७१. | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | ३।- | |
| ७२. | भवन नक्सा नामसारी दस्तुर | १०००।- | |
| ७३. | भवन निर्माण अनुमति दस्तुर | १०००।- | |
| ७४. | भवन निर्माण नक्सा पास | ५०००।- | |
| ७५. | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| ७६. | नक्सा पास नक्कल दस्तुर | १००।- | |
| ७७. | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | २०००।- | |
| ७८. | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | १०००।- | |
| ७९. | घरको स्थलगत सर्जमिन र अमिन रेखाङकन | १००।- | |
| ८०. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | १००।- | |
| ८१. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |
| ८२. | घर नामसारी (प्रतिघर) | ५००।- | |
| ८३. | घरवाटो सिफारिस प्रतिलिपि | १००।- | |
| ८४. | घरको अवस्था प्रमाणित प्रति वर्ग फिट | २।- | |
| ८५. | आर्थिक अवस्था सम्वन्धी सिफारिश (वलियो) | १५००।- | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| ८६. | आर्थिक अवस्था सम्वन्धी सिफारिश (कमजोर) | निशुल्क | |
| ८७. | वार्षिक चल आय प्रमाणित सिफारिस (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २० देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |

८८. वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारस गर्दा घर जग्गा कर देहाय बमोजिम तोकिएको छः-

| क्र.स. | विवरण (प्रत्येक एकाईको एकमुष्ठ, थप नलाग्ने) | आ.व. २०७९।०८० को |
|---|---|---|
| १. | १ देखी ५ लाख रुपैयाँ सम्म | निशुल्क |
| २. | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- |
| ३. | १० देखी २० लाख रुपैयाँ सम्म | २०००।- |
| ४. | २० देखी ३० लाख रुपैयाँ सम्म | ३०००।- |
| ५. | ३० देखी ५० लाख रुपैयाँ सम्म | ४०००।- |
| ६. | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ५०००।- |
| ७. | १ करोड रुपैयाँ भन्दा माथी | ६०००।- |

| | | | |
|---|---|---|---|
| ८९. | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |
| ९०. | नागरिकता सिफारिस (वंशज) | २००।- | |
| ९१. | नागरिकता प्रतिलिपी सिफारिस | ५००।- | |
| ९२. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५००।- | |
| ९३. | नागरिकतामा विवरण संसोधन सिफारिस | ५००।- | |
| ९४. | विद्युत जडान सिफारिस | २००।- | विपन्न निशुल्क |
| ९५. | धारा जडान सिफारिस | २००।- | विपन्न निशुल्क |
| ९६. | टेलिफोन जडान सिफारिस | ५००।- | |
| ९७. | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | २००।- | |
| ९८. | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |
| ९९. | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | २०००।- | |
| | मझौला उद्योग | १०००।- | |
| | साना उद्योग | १००।- | |
| १००. | प्यान दर्ता सिफारिस | २००।- | |
| १०१. | भ्याट दर्ता सिफारिस | ५००।- | |

| | | | |
|---|---|---|---|
| १०२ | प्यान बन्द सिफारिस | १००।- | |
| १०३ | भ्याट बन्द सिफारिस | १००।- | |
| १०४ | संस्था दर्ता सिफारिस (नाफामूखी) र नविकरण | १०००।- | |
| १०५ | संस्था दर्ता सिफारिस (गैह्रनाफामूखी) | २००।- | |
| | उपभोक्ता समिति दर्ता/नवीकरण १ वर्ष भन्दा बढी भएको | १०००।- | |
| | संस्था नविकरण सिफारिस (गैह्रनाफामूखी) | २००।- | |
| | INGO को हकमा | ५०००।- | |
| १०६ | उजुरी तथा मुद्दा दस्तुर | १००।- | |
| १०७ | उजुरी तथा मुद्दा दस्तुर (जेष्ठ नागरिक, नावालक, एकल महिला, दलित, लोपोन्मुख जाति, अपाङ्गता भएका व्यक्ति, विपन्न नागरिक | निशुल्क | |
| १०८ | मिलापत्र कागज गराउने | ५००।- | पटकै पिच्छे थप १००।-हुने । |
| १०९ | कुनै व्यक्ति उपर मुद्धा दर्ता गर्नु परेमा दर्ता शुल्क | १००।- | उजुरी तथा मुद्धा गरी रु ५५०।- |
| ११० | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातका प्रमाणित प्रतिलिपि | २००।- | |
| १११ | गाँउपालिका पार्श्वचित्र (profile) | ५००।- | |
| ११२ | अदालत शुल्क मिनाहा सिफारिस | निशुल्क | अख्तियारवालाले तोक्ने |
| ११३ | इन्टरनेट सेवा प्रदायक | ३०००।- | १०००।- |
| ११४ | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | १००।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | १००।- | |
| | पारिवारिक लगत कार्ड(सरसफाई कार्डको दस्तुर नविकरण) | १००।- | |
| ११५ | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| ११६ | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| ११७ | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| ११८ | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | २००।- | |
| ११९ | पशु फर्म दर्ता | ५००।- | |
| १२० | पशु फर्म नविकरण | २००।- | |
| १२१ | IEE/EIA परिक्षण सिफारिस (कुल लागतको अंकको भोल्युम हेरी) | | |
| | क) लागत रु १ लाख देखि २० लाख सम्मको | ५००।- | |
| | ख) लागत रु २० लाख देखि ३० लाख सम्मको | १०००।- | |
| | ग) लागत रु ३० लाख देखि ५० लाख सम्मको | ३०००।- | |
| | घ) लागत रु ५० लाख देखि ७० लाख सम्मको | ५०००।- | |
| | ङ) लागत रु७० लाख देखि १ करोड सम्मको | ८०००।- | |
| | च) लागत रु १ करोड देखि २ करोड सम्मको | १००००।- | |

| | | | |
|---|---|---|---|
| | छ) लागत रु २ करोड देखि माथि | १५०००।- | |
| १२२. | गाउँपालिकाको हल भाडा प्रतिदिन | १,०००।- | |
| १२३. | वडा कार्यालयको हल भाडा प्रतिदिन | १०००।- | |
| १२४. | प्रोजेक्टर भाडा प्रतिदिन | १०००।- | |
| १२५. | सडक बत्ति वार्षिक | १००।- | |
| १२६. | फोहर मैला व्यवस्थापन प्रतिघर/प्रतिपरिवारवार्षिक | २००।- | साधन प्राप्त भएपछि |
| १२७. | सार्वजनिक शौचालय दोभान बजार र अन्य क्षेत्र प्रयोग शूल्क प्रति व्यक्ति/प्रति पटक | ५ देखि १० | |
| १२८. | पौडी पोखरी डुङ्गा समेत प्रति व्यक्ति | २०।- | |
| १२९. | हाटवजार,मेला, खेलकुद सञ्चालन अनुमति | ५०० | |
| १३०. | खानेपानी मुहान दर्ता, नवीकरण अनुमति | ५०० | |
| १३१. | झोले/पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति पोका (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्रयाक्टर (गाउँपालिका बाहिरका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका भित्रका व्यवसायी)<br>प्रति ट्रक (गाउँपालिका बाहिरका व्यवसायी) | १००<br>१००<br>२००<br>५००<br>१०००<br>१०००<br>२०० | |
| १३२. | कृषक समूह दर्ता | १००० | ५०० |
| १३३. | कृषि व्यावसाय दर्ता | ७०० | ३०० |
| १३४. | खानेपानी संस्था दर्ता | १००० | ५०० |
| १३५. | सामुदायिक वन दर्ता | ५०० | ३०० |
| १३६. | **बजार क्षेत्र पाखा**<br>अवल प्रति रोपनी<br>दोयम प्रति रोपनी<br>सीम प्रति रोपनी<br>चाहार प्रति रोपनी | <br>१५<br>१२<br>१०<br>८ | |
| १३७. | **खेत**<br>अवल प्रति रोपनी<br>दोयम प्रति रोपनी<br>सीम प्रति रोपनी<br>चाहार प्रति रोपनी | <br>२०<br>१८<br>१५<br>१२ | |

| | | | |
|---|---|---|---|
| १३८. | बजार क्षेत्र भित्र सडक आसपासमा रहेका घडेरी प्रति रोपनी (जन्तालोखा देखि नागढुङ्गा खोलासम्म र वि.पि.चोक देखि शसस्त्र बेश क्याम्पसम्म<br>६-१० मिटर सम्म घडेरी<br>१०-१५ मिटर सम्म घडेरी<br>१५ मिटर देखि माथि घडेरी | ५०<br>१००<br>२००<br>३०० | न्युनतम |
| १३९. | मुल सडकले छोएका घरघडेरीहरु (६ मिटर भन्दा माथि)<br>न्युनतम<br>६-१० मिटर सम्म<br>१०-१५ मिटर सम्म<br>१५-३० मिटर सम्म<br>३० देखि माथि | २०<br>५०<br>१००<br>१५०<br>२०० | |
| १४०. | मुल सडकले छोएका घरघडेरीहरु (६ मिटर भन्दा कम)<br>न्युनतम<br>६-१० मिटर सम्म<br>१०-१५ मिटर सम्म<br>१५-३० मिटर सम्म<br>३०-५० मिटर सम्म<br>५० देखि माथि | १०<br>२०<br>३०<br>५०<br>८०<br>१०० | |

अनुसूची-६

(दफा ८ संग सम्वन्धित)

पर्यटन शुल्क

उद्यम, पार्क,चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा ,संग्रहलय जस्ता सम्पादाको उपयोग गरे बापत प्रति व्यक्ति रु. ५ र १नं.प्रदेश सरकारको आर्थिक ऐन २०७८मा ब्यस्था भएअनुसार लगाई दिने र अशुल उपर गरिने छ.जेष्ठनागरिक , वाल वालिका  अपांग र विपन्न हरुलाई निशुल्क गरिने छ।

अनुसूची -७

(दफ ९ संग सम्वन्धित)

जन्तेढुङ्गा गाउँपालिका क्षेत्र भित्र रहेका जग्गाहरुको भुमिकर मालपोत

| क.स. | प्रकार | दर | कैफियत |
|---|---|---|---|
| १ | पाच रोपनि सम्म | १०० | |
| २ | पाच देखि ९.९९ रोपनी सम्म | १५० | |
| ३ | १० देखि ११.९९ रोपनी सम्म | २०० | |
| ४ | २० देखि ४९.९९ रोपनी सम्म | ३०० | |
| ५ | ५० रोपनी देखि माथि | ५०० | |

मालपोत/भुमिकर

| क.स. | प्रकार -पाखा वारी | दर | कैफियत |
|---|---|---|---|
| १ | अब्वल -प्रतिरोपनी | ६ | महिला, जेष्ठ नागरिक, अपाङ्ग र विपन्नलाई ५०% छुट |
| २ | दोयम -प्रतिरोपनी | ४ | |
| ३ | सीम -प्रतिरोपनी | २ | |
| ४ | चाहार -प्रतिरोपनी | १ | |

| क.स. | प्रकार -खेत | दर | कैफियत |
|---|---|---|---|
| १ | अब्वल -प्रतिरोपनी | ८ | महिला, जेष्ठ नागरिक, अपाङ्ग र विपन्नलाई ५०% छुट |
| २ | दोयम -प्रतिरोपनी | ६ | |
| ३ | सीम -प्रतिरोपनी | ४ | |
| ४ | चाहार -प्रतिरोपनी | २ | |

नोटः- १. २०७९पौष मसान्त सम्ममा मालपोत रकम तिर्ने लाई यस भन्दा अगाडिका सवै जरिवाना छुट हुने छ।

२. वर्ष भन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा करमा २५ प्रतिशत, पांच वर्ष भन्दा लामो समय कर नवुझाउनेलाई जम्मा करमा ३५ प्रतिशत, आठ वर्ष भन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा करमा ५० प्रतिशत थप जरिवाना लाग्ने छ ।

अनुसुची-८

(दफा ११ संग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा ,सामाजिक विवाद ,द्वन्द वापत लगाउने जरिवाना, शुल्क ।

| क.स. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | जान-जानि सार्वजनिक सडकलाई असर पुग्ने गरि सडकमा पानी कुलो लगाएमा । | पहिलो पटक -३०००/<br>दोस्रो पटक-५०००/-<br>तेश्रो पटक-१००००/- | |
| २ | नोटः-यस खण्डसंग सम्वन्धित अन्य जरिवाना गाउँपालिकाको न्यायीक समितीको कानून बमोजिम हुने छ | | |

१.लिनु पर्ने कर शुल्क आदि नलिएमाः-

आर्थिक ऐन र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम तिर्नु पर्ने रकम नतिरेमा सम्वन्धित व्यक्ति वा संस्थावाट तोकिएको रकमको थप १० प्रतिशत हुने रकम बरावर असुल उपर गरि विभागिय कारवाहि कालागि सिफारिस समेत गरिने छ ।

२ व्यसाय नविकरण २०७९ सालको असोज मसान्त भित्र गरिसक्नु पर्ने छ । पौष मसान्त सम्म नविकरण गर्ने लाई नविकरण रकमको ५ प्रतिशत जरिवान गरिने छ। चैत्र मसान्त सम्म नविकरण गर्नेलाई नविकरण रकमको १० प्रतिशत जरिवान गरिने छ र असार मसान्त सम्म नविकरण नगर्ने लाई नविकरण रकमको १५ प्रतिशत जरिवान गरिने छ । उक्त अवधि भित्र पनि नविकरण नगर्ने लाई असार मसान्त सम्मको नविकरण रकम र जरिवाना दुवैगरी कुल हुन आउने रकमको माथि उल्लेख भए बमोजिम जरिवाना गरिने छ ।

**बिक्री करः**- सामुदायिक वन पैदावर विक्री वापत जम्मा रकमको १० (दश) प्रतिशत

**नोटः**- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपभोग सम्बन्धि आफ्नो बार्षिक कार्य योजना लाई जन्तढुङ्गा गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

**खानेपानी**

खानेपानी व्यवस्थापन संस्थाबाट खानेपानी महशुलबाट उठेको रकमको १० (दश) प्रतिशत

**कृषि तर्फ**

पशुजन्य निकासि कर यथावत राखिने छ।

माथि जुन सुकै विवरण उल्लेख भएता पनि जन्तेढुङ्गा गाउँ पालिका अन्तर्गतका कृषकहरुले उत्पादन गर्नु भएका कृषि उपजहरुमा हाटकर लगाएत कुनै पनि किसिमका कर लिईने छेन।

अरुणा देवी राई
अध्यक्ष